नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३१ अंक ५६ २०७८ साल असोज ५ गते मंगलबार (21 Sep. 2021 Tuesday) मूल्य रु. ५/-

**Log on :** *rajbirajdainik.com.np*

**प्राकृतिक विपत्ति न्यूनीकरणका लागि सामूहिक सचेतना जगाऔं**

- जथाभावि सडक निर्माण र वनविनाशले बाढी पहिरो निम्त्याउछ ।
- वृक्षरोपण गरौं, वनजंगल जोगाऔं, बाढीपहिरो नियन्त्रण गरौं ।
- विपत्ति आउनु अघि नै सजगता अपनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : मेलम्ची खानेपानी आयोजनासम्म ... ३ पृष्ठमा : औद्योगिक क्षेत्रको ... ३ पृष्ठमा पञ्जाबको मुख्यमन्त्रीका रूपमा...

## राजविराज "ग्रिन र क्लिन सिटी" को योजनामा छनौट : अर्थ मन्त्री साह

### सप्तरीमा यातायात कार्यालय र कृषि विश्वविद्यालय स्थापना हुने



**दैनिक समाचारदाता राजविराज, ४ असोज ।**

प्रदेश २ का अर्थ मन्त्री शैलेन्द्र प्रसाद साहले राजविराज नगरपालिका प्रदेश सरकारको ग्रिन र क्लिन सिटीको योजनामा परेको जानकारी दिएका छन् ।

सप्तरी उद्योग बाणिजय संघद्वारा राजविराजमा नवनिर्मित छिन्नमस्ता सभाहलको उद्घाटन गर्दै मन्त्री साहले सो जानकारी दिँदै उक्त योजना १५ दिन भित्रै कार्यान्वयनमा आउने बताए ।

उक्त योजनाका लागि राजविराज नगरपालिकालाई प्रदेश सरकारले १० करोड रकम दिने जानकारी दिँदै मन्त्री साहले प्रदेश सरकारले ग्रिन र क्लिन सिटीको योजना बिरगंज र जनकपुरका लागि ल्याएकोमा आफ्नो प्रयासबाट थप गरेर राजविराजलाई पनि सो योजनामा ल्याइएको खुलासा समेत गरे ।

सोही कार्यक्रममा उनले सप्तरीमा यातायात व्यवस्था कार्यालयको इकाई र कृषि विश्वविद्यालयको स्थापना हुने जानकारी दिए । मन्त्री साहले राजविराजमा यातायात व्यवस्था कार्यालयको इकाई समेत स्थापना हुन लागेको भन्दै प्रदेश सरकारको यस कार्यले जिल्लाका यातायात व्यवसायीलाई सहज हुने विश्वास व्यक्त गरे ।

आफ्नो गृहजिल्ला समेत रहेका कारण सप्तरीमा कृषि विश्व विद्यालय स्थापनाका लागि भूमि, व्यवस्था तथा सहकारी मन्त्री रहेकै बेला पहल थालेको जानकारी दिँदै उनले अहिले उक्त विश्वविद्यालय स्थापनाको टुंगो लागेको बताए ।

कार्यक्रममा सप्तरी उद्योग बाणिज्य संघका अध्यक्ष अरुण प्रधानले सबैको सहयोगमा २९

*बाँकी अन्तिम पृष्ठमा*

## बाल शिक्षक र विद्यालय कर्मचारी आन्दोलित

**दैनिक समाचारदाता राजविराज, ४ असोज ।**

बाल शिक्षक र विद्यालयका कर्मचारीहरु आन्दोलित भएका छन् । वर्षौंदेखी आफूहरुले उठाएको जायज मागप्रति कुनै सुनुवाई नभएको भन्दै उनीहरु आन्दोलित भएका हुन् ।

बाल शिक्षक र विद्यालयका कर्मचारीद्वारा गठित संघर्ष समितिको अगुवाईमा राजविराज नगरपालिका कार्यालयमा बुझाइएको ज्ञापनपत्रमा आफूहरुको जायज माग पुरा गर्न नगरपालिकाले कुनै चासो नदेखाएकाले चरणबद्ध आन्दोलनमा उत्रिन बाध्य भएको उल्लेख छ ।

ज्ञापन पत्रमार्फत सार्वजनिक कार्यक्रम अनुसार असोज ८ गते कालोपटी बाधेर पठनपाठनमा सहभागि हुने, असोज ९ गते सरोकारवालाहरुलाई राखेर अन्तरक्रिया, असोज १० गते पेनडाउन, असोज ११ गते राजविराज नगरपालिका कार्यालयमा धर्ना र असोज १५ गते पत्रकार सम्मेलन गरि आन्दोलनका दोश्रो चरणका थप सशक्त कार्यक्रमहरु सार्वजनिक गरिने उल्लेख गरिएको छ ।

न्यून तलबमा काम गर्न बाध्य भएका उनीहरु राजविराज नगरपालिकाको कार्यालयलाई ज्ञापनपत्र तथा जिल्ला प्रशासन कार्यालय, शिक्षा विकास तथा समन्वय इकाई र जिल्ला समन्वय समितिमा सोको बोदार्थ पत्र बुझाउँदै उनीहरुले आन्दोलन कार्यक्रम सार्वजनिक गरे ।

यता संघर्ष समितिका अध्यक्ष सुमित्रा दासले सरकारद्वारा बाल शिक्षक र विद्यालय कर्मचारीको तलब मासिक १५ हजारका दरले कायम गरिए पनि आफूहरु सो सेवा सुविधाबाट बञ्चित रहेको र यसबारे पटक पटक नगरपालिकाको ध्यानाकर्षण गराउँदा पनि आश्वासन बाहेक केही पाउन नसकेको गुनासो पोखिन ।

संघर्ष समितिका सदस्य सचिव विभा झाले बाल शिक्षक र विद्यालय कर्मचारीको मासिक तलबमा दुई हजार संघीय सरकार र बाँकी नपुग रकम सम्बन्धीत स्थानिय तहले ब्यहोर्ने ब्यवस्था

*बाँकी अन्तिम पृष्ठमा*

## घुस लिदै गर्दा घरेलुका कर्मचारी पक्राउ

**दैनिक समाचारदाता राजविराज, ४ असोज ।**


घरेलु तथा साना उद्योग कार्यालय सप्तरीका एक कर्मचारी घुस लिदै गर्दा सोमबार पक्राउ परेका छन् ।

सो कार्यालयमा कार्यरत बिरेन्द्र साहलाई सेवाग्राहीसँग १ हजार ५ सय रकम घुस लिदै गर्दा पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

सेवाग्राहीसँग फर्म दर्ता प्रक्रियाका लागि आवश्यक कागजात तयार गरिदिने भन्दै उक्त रकम लिएको डिएसपी माधवप्रसाद काफ्लेले जानकारी दिएका छन् ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको क्षेत्रिय कार्यालय इटहरीले जिल्ला प्रहरी कार्यालय सप्तरीको समन्वयमा साहलाई पक्राउ गरेको बताइएको छ ।

हाल पक्राउ परेका साहलाई प्रहरीले हिरासतमा राख्दै थप अुसन्धान भइरहेको जनाएको छ ।




नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### आर्थिक विकासमा गम्भिर बनौं

राष्ट्रको समग्र विकासको आधार आर्थिक विकास हो । आर्थिक विकासको अभावमा चुनौती बन्दै आएको गरिबी र पछौटेपनजन्य विविध किसिमका मसस्याको उन्मुक्ति सम्भव नहुनुका साथै समतामूलक एवं न्यायपूर्ण समाजको स्थापनाको उद्देश्यले पनि सही गन्तव्य प्राप्त गर्न सक्दैन । त्यसैले आर्थिक विकासका क्षेत्रमा देखापरेका सबै किसिमका गतिरोधलाई अन्त्य गर्ने दिशामा यस क्षेत्रसँग सम्बद्ध सबैको समन्वयात्मक प्रयास र राजनीतिक प्रतिबद्धता आवश्यक हुन्छ ।

विभिन्न समस्याका कारण देशमा स्थापित कतिपय उद्योग व्यवसायहरु बन्द हुन पुगिरहेका र देशमा रोजगारीको अभावका कारण बाँच्नकै लागि पनि नेपालका युवा जनशक्ति दिन प्रतिदिन विदेशिने क्रम बढ्दै गइरहेको हाम्रो यथार्थ छ ।

तसर्थ यस किसिमको अत्यन्त चुनौतीपूर्ण अवस्थाप्रति राज्य समयमै अत्यन्त गम्भीर र संवेदनशिल हुन नसकेमा भविष्यमा हामीले आर्थिक विकासको क्षेत्रमा थप कठिन समस्याको सामना गर्नुपर्ने निश्चित छ ।

# मेलम्ची खानेपानी आयोजनासम्म पुग्न सडक खुलाउन सुरु

काठमाडौँ, ४ असोज (रासस) ।

असार र साउनमा आएको बाढीका कारण क्षतिग्रस्त बनेको मेलम्ची खानेपानी आयोजनासम्म पुग्ने पहुँच सडक खोल्न थालिएको छ ।

बाढीका कारण झण्डै तीन महिना सडक अवरुद्ध थियो । सडक खुलेपछि एकातिर स्थानीयवासीलाई आवतजावत सजिलो हुनेछ भने आयोजनास्थलसम्म पुग्न सकेमा त्यहाँका संरचनाको मर्मत अघि बढ्नेछ ।

मेलम्ची पुलबजारबाट अम्बाथानसम्म २२ किमी सडकमध्ये १४ किमीमा 'ट्र्याक' खुलिसकेको छ । अब चनौटेबाट अघि आठ किमी सडक खुलाउन बाँकी रहेको छ । चनौटेमा रातो पुल बगाएपछि त्योभन्दा अगाडिको सडक खुलाउन नसकिएको हो ।

पुलबजारबाट ट्र्याक खोल्दै जाँदा चनौटेबाट अम्बाथानसम्म थप दुई पुल बगाएको छ । त्यहाँ बेलिब्रिज नबनाएसम्म यातायात चालू नहुने देखिएको छ । केही दिन पहिलेदेखि चनौटेसम्म सवारीसाधन चल्न थालेको छ । यहाँको न्वार खोलामा सडक कटान भएकाले अहिले साना गाडी मात्रै चलिरहेका छन् । त्यो मर्मत भएपछि ठूलो गाडी जान सक्नेछ । न्वार खोला क्षेत्रमा मर्मत गरिएपछि चनौटेसम्म नै ठूलो गाडी चल्नसक्ने बताइएको छ । चनौटेसम्म यात्रुबाहक बस चल्न थालेमा हेलम्बुका गाउँपालिकाका-४, ५, ६ र ७ का बासिन्दालाई सजिलो हुनेछ । केही समय पहिलेसम्म आवतजावत नै अवरुद्ध भएकामा अहिले काठको पुल राखेर चालू गराइएको छ ।

राष्ट्रिय गौरवको मेलम्ची खानेपानी आयोजनामा ठूलो क्षति भएको भनिए पनि त्यसको यकीन हुन सकिरहेको छैन । आयोजनास्थलसम्म पहुँच सडक सम्पन्न नभएकाले क्षति यकीन हुन नसकेको खानेपानी मन्त्रालयका प्रवक्ता रमेश न्यौपानेले बताउनुभयो ।

उहाँका अनुसार पहिलेको पहुँच सडक पूरै पुरिएकाले नयाँ ट्र्याक खुलाउन लागिएको छ । पहिले सडक भएको ठाउँको नजिकै नै हुने गरी सडक खुलाइने उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "सबै पुरिएकाले पहिले र अहिले भन्ने देखिएको छैन, त्यसैको हाराहारीमा खुलाइरहेको छौ ।"

पहिलो पटक असार १ गते आएको बाढीले आयोजनामा क्षति पुर्‍याएको थियो । त्यतिबेला झण्डै रु एक अर्बको क्षति भएको अनुमान गरिएको थियो । साउन महिनामा पटकपटक बाढी जाँदा झण्डै रु दुई अर्ब ४० करोडको क्षति भएको आयोजनाले जनाएको छ । प्रारम्भिक अनुमानका आधारमा क्षतिको अनुमान गरिएको भए पनि प्राविधिक आयोजनास्थलसम्म जान नसकेकाले विस्तृत विवरण आउन बाँकी रहेको प्रवक्ता न्यौपानेले बताउनुभयो । पहुँच सडक बनेर त्यहाँसम्म पुगेपछि नै केके क्षति भएको हो र त्यसको मर्मतमा कति खर्च लाग्छ भन्ने थाहा हुने उहाँले बताउनुभयो ।

आयोजनास्थलमा मर्मतको काम अघि बढाउन सुरु गरिए पनि त्यसमा सरकारको आफ्नै लगानी हुने कि दातृ निकायसँग सहयोग मागिने भनी टुङ्गो लाग्न सकेको छैन । आयोजनामा बैंकको सहयोग भएकाले पनि उसको सहयोग लिने कि सरकारको खर्च छलफल भइरहेको प्रवक्ता न्यौपानेले बताउनुभयो । पहिले कति खर्च लाग्छ भनी आयोजनाले अध्ययन गर्नेछ । उहाँले भन्नुभयो, "त्यहाँ पुगेर समय र रकम थाहा भएपछि नै स्रोत कसरी व्यवस्थापन गर्ने भन्ने थाहा हुन्छ ।"

आयोजनामा मात्रै नभएर त्यहाँका अरु पूर्वाधारमा क्षति पुगेकाले मन्त्रालयले सरोकार राख्ने निकायसँग छलफल अघि बढाएको छ । फरकफरक पूर्वाधारको काम फरक मन्त्रालय र निकायले गर्नुपर्ने प्रवक्ता न्यौपानेले बताउनुभयो । सडक, पुल, खानेपानी सबै आयोजना एक्लैले गर्न नसक्ने भएकाले सबैको संयोजनमा काम गर्नुपर्ने उहाँले बताउनुभयो । अहिले मन्त्रालयले ती निकायसँग कसले के गर्ने भनी छलफल गरिरहेको छ । उहाँले भन्नुभयो, "एउटै मन्त्रालय र निकायसँग विशेषज्ञता पनि नहुने र समय बढी लाग्ने भएकाले सबै मिलेर छिटो गर्ने योजना छ ।"

मेलम्ची आयोजनामा भएको क्षतिको विस्तृत अध्ययनका लागि बैंकको सहयोगमा भौगर्भिक अध्ययन सुरु भएको छ । यो ठाउँमा पहिरो यो वर्ष मात्रै आएको हो कि अरु वर्षमा पनि खतरा छ भनेर अध्ययन गर्न लागिएको हो । यहाँको भूगोल, वातावरणीय अवस्थाका बारेमा अध्ययन गराउन बैंकलाई मन्त्रालयले अनुरोध गरेको थियो । उहाँले भन्नुभयो, "एडिबीले विशेषज्ञसहित टोली राखेर अध्ययन गरिरहेको छ ।"

गत वर्ष उपत्यकावासीले केही महिनासम्म मेलम्चीको पानी उपभोग गर्न पाएका थिए । यो वर्षभित्रमा पुनःपानी ल्याउने सरकारको योजना छ । सडक, पुललगायतका पूर्वाधार निर्माणमा समय लाग्ने भए पनि जतिसक्दो चाँडो पानी ल्याउन लागिने प्रवक्ता न्यौपानेले बताउनुभयो । पानी ल्याउने र अरु काम सम्पन्न गर्ने फरक समय लाग्ने देखिएको छ । तत्काल पहुँच सडक बनाउन सकिएमा आयोजनाका संरचनामा रहेका अवरोध हटाएर पुनःपानी ल्याउन सकिन्छ । अहिले हेर्दा सडक र पुल सम्पन्न गरिसक्न लामो समय लाग्न सक्ने देखिएको छ । उहाँले भन्नुभयो, "पानी जतिसक्दो चाँडो ल्याइनेछ भने मर्मतको काम पनि चालू गरिनेछ ।"

उपत्यकावासीले लामो समयदेखि खानेपानीको समस्या भोग्दै आएका थिए । यहाँको जनसङ्ख्या बढिरहँदा भएको स्रोत घट्दै गएकाले वर्षेनी खानेपानीको समस्या अझै विकराल बनिरहेको थियो । सरकारले दुई दशक पहिले मेलम्ची खोलाको पानी उपत्यकामा ल्याउने योजना बनाएको थियो । योजना निर्माण सुरु भएको लामो समय पछि बल्ल सम्पन्न भयो । झण्डै तीन महिना घरघरमा पानी आएकामा आयोजनाको परीक्षणकै क्रममा पहिरोले पुनःसंरचनामा क्षति पुर्‍याएको छ । काठमाडौँवासीले कहिलेसम्म पानी पाइन्छ भनेर चासो राखिरहँदा यहाँको क्षतिको मर्मत पनि सजिलो देखिएको छैन ।

उपत्यकामा रहेको खानेपानीको समस्या समाधानकै लागि मेलम्चीको पानीको विकल्पमा पनि छलफल भइरहेको छ । काठमाडौँ उपत्यका र उपत्यका आसापासका क्षेत्रमा रहेका मुहानको खोजी गरेर त्यसको अध्ययन गर्ने गरी मन्त्रालयमा छलफल भइरहेको प्रवक्ता न्यौपानेले बताउनुभयो । आयोजनास्थलमा मर्मत गरिसक्न कम्तीमा पनि चैत महिनासम्म लाग्ने देखिएको छ । कताको पानी ल्याएर उपत्यकावासीलाई सजिलो बनाउने भनी विकल्पमाथि छलफल भइरहेको छ । मेलम्चीको विकल्पका विषयमा विगतमा पनि छलफल भइरहेकामा अहिले अध्ययनमा नै जाने योजना बनाइएको उहाँले बताउनुभयो ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569


# देशभित्रै विद्युत् खपत गर्ने यस्तो छ प्राधिकरणको तयारी

काठमाडौँ, ४ असोज (रासस) ।

नेपाल विद्युत् प्राधिकरणले देशभित्रै बिजुली खपत गराउने उद्देश्यका साथ ठूला उद्योगलाई मागेजति विद्युत् उपलब्ध गराउन थालेको छ । त्यसका लागि निर्धाणाधीन प्रसारण तथा वितरण लाइन र सवस्टेसन आयोजना शीघ्र निर्माण गर्न थालिएको हो । विद्युत् खपत बढाउन योजनाबद्धरुपमा पूर्वाधार विस्तारलाई उच्च प्राथमिकतामा राखेर काम अगाडि बढाएको जनाइएको छ ।

प्रसारण तथा वितरण लाइनको क्षमता अभावमा उद्योगीलाई मागेअनुसार विद्युत् उपलब्ध गराउन नसक्ने र उत्पादित विद्युत् खपत गर्न नसकी वित्तीय नोक्सानी बेहोर्नुपर्ने अवस्था आएपछि प्राधिकरणले खपत बढाउने योजना अगाडि सारेको छ ।

अल्पकालीन योजनाअन्तर्गत विद्युत् माग गर्ने उद्योगलाई प्रसारण तथा वितरण लाइन सुदृढीकरण तथा क्षमता विस्तार गरी तत्काल विद्युत् दिने र निर्माणाधीन आयोजनाको काम जतिसक्दो छिटो सम्पन्न गर्ने रहेको बताइएको छ ।

दीर्घकालीन योजनाअन्तर्गत विद्युत् खपत बढ्नसक्ने सम्भावित ठाउँ पहिचान गरी प्रसारण तथा वितरणतर्फका लाइन तथा सवस्टेसन निर्माण सुरु गरिने भएको छ । उद्योगले मागेजति विद्युत् नपाएको गुनासो बढेकाले प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले शनिबार र आइतबार हेटौँडा, सिमरा, वीरगञ्ज, भरतपुर, परासी, भैरहवाका औद्योगिक करिडोर क्षेत्रको स्थलगत अवलोकन गरी सञ्चालनमा रहेका र निर्माणाधीन प्रसारण तथा वितरण लाइन, सवस्टेसनको अवस्थाबारे जानकारी लिनुभएको थियो । त्यस क्षेत्रमा सञ्चालित र आगामी दिनमा खुल्ने उद्योगलाई पर्याप्त विद्युत् आपूर्ति गर्न प्रसारण लाइन र सवस्टेसन आयोजना निर्माणाधीन अवस्थामा छन् ।

उहाँले आयोजना व्यवस्थापक, ठेकेदार, वितरण तथा ग्राहक सेवा केन्द्रका प्रमुखसँग आयोजनास्थलमै छलफल गरी निर्माणमा देखिएका समस्या र समाधानका उपायबारे कुराकानी गर्नुभएको थियो ।

"एकतर्फ देशभित्र उत्पादित विद्युत् खपत गर्न नसकी दैनिकरुपमा लाखौँ रकम खेर फालिरहेका छौँ भने अर्कोतर्फ पूर्वाधार अभावमा उद्योगलाई मागेजति विद्युत् दिन सकिरहेका छैनौँ, यस्तो पीडादायी अवस्था अन्त्य गर्न चाहन्छौँ", कार्यकारी निर्देशक घिसिङले भन्नुभयो । "निर्माणाधीन आयोजना सम्पन्न भएपछि उद्योगलाई मागेअनुसार विद्युत् दिन सकिन्छ भने आम उपभोक्ताले पनि गुणस्तरीय विश्वसनीयरूपमा विद्युत् पाउने छन्, चुहावट घट्ने छ, प्रसारण क्षमता सुदृढ हुनेछ", उहाँले भन्नुभयो, "विद्युत् खपत बढाउनुपर्ने अहिलेको चुनौतीपूर्ण अवस्थामा आयोजनाको काम समयमै सम्पन्न गरी सहयोग गर्न सम्बद्ध सबैलाई आग्रह गर्दछु ।"

सिमरा र वीरगञ्ज क्षेत्रका उद्योगको विद्युत् आपूर्तिलाई विश्वसनीय बनाउन हेटौँडा-परवानीपुर ६६ केभी डबल सर्किट प्रसारण लाइनमा नयाँ टावर थप गर्ने र पुरानो कन्डक्टर निकाली लाइनको क्षमता बढाउने काम भइरहेको छ । यो काम सम्पन्न भएपछि त्यस क्षेत्रमा थप विद्युत् आपूर्ति गर्न सकिने छ ।

निर्माणाधीन हेटौँडा-ढल्केबर ४०० केभी प्रसारण लाइनबाट बाराको पिलुवा क्षेत्रमा नयाँ सवस्टेसन निर्माण गरिने र अमलेखगञ्जमा रहेको सवस्टेसनबाट थप फिडर निकाली विद्युत् आपूर्तिको सम्भावनाका

बाँकी तीन पृष्ठमा

# औद्योगिक क्षेत्रको समस्याप्रति संसदीय समितिको चासो




लहान, ४ असोज (रासस)।

सप्तरीको रुपनी गाउँपालिकास्थित गजेन्द्रनारायण सिंह औद्योगिक क्षेत्रको समस्याप्रति प्रतिनिधिसभा, उद्योग, वाणिज्य तथा श्रम उपभोक्ता हित समितिले चासो देखाएको छ। समितिका सभापति विमलप्रसाद श्रीवास्तव नेतृत्वको संसदीय समितिले सोमबार सो औद्योगिक क्षेत्रको निरीक्षण गरी व्यवस्थापन पक्ष, स्थानीय जनप्रतिनिधि र नागरिक समाजसँग अन्तर्क्रिया गरेको छ।

सभापति श्रीवास्तव, सदस्य सरिताकुमारी गिरी, प्रदीप साह, सुजाता परियारसहितको टोलीले औद्योगिक क्षेत्रबारे सरकारलाई सुझाव दिने जनाएको छ। कार्यक्रममा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयका प्रमुख दीपकराज आचार्यले उद्योग विभागबाट नीतिगत निर्णय नहुँदा उद्योगधन्दा फस्टाउन नसकेको गुनासो गर्नुभयो। "स्थानीयवासी, नागरिक समाज, राजनीतिक दल, सञ्चारकर्मीलगायतको सहयोगमा केही समययता औद्योगिक क्षेत्रले काँचुली फेर्न लागेको छ", उहाँले भन्नुभयो। औद्योगिक क्षेत्रमा विस्तारै उद्योग स्थापना हुने क्रम बढ्दै गएको उहाँले टोलीलाई जानकारी गराउनुभयो। अहिले सो क्षेत्रमा मिलन डेरी, महालक्ष्मी पेन्ट, उषा जल उद्योग र कोशी पोलिमर्स उद्योग सञ्चालनमा छन्।

"सुरक्षा र ढल निकासको समस्या यथावत् छ, बिजुली र खानेपानीको समस्या समाधान भएको छ", आचार्यले भन्नुभयो। औद्योगिक क्षेत्रमा एक लाख ५० हजार लिटर क्षमताको पानी ट्याङ्की निर्माण गरिएको छ। तत्कालीन उद्योगमन्त्री मातृकाप्रसाद यादवका कार्यकालमा औद्योगिक क्षेत्रका लागि रु पाँच करोड विनियोजन गरिएको थियो। औद्योगिक क्षेत्रमा १४ नयाँ उद्योग विस्तारका लागि जग्गा खण्डीकरणको काम सम्पन्न भएको छ। "नयाँ उद्योग सञ्चालनको प्रक्रिया थालिएको छ", उहाँले भन्नुभयो।

विसं २०४४ मा स्थापित औद्योगिक क्षेत्रका अधिकांश सडक जीर्ण भइसकेका छन्। भवनको छानो मर्मतसम्भार गर्नुपर्ने अवस्था छ। जीर्ण पूर्वाधार पुनःनिर्माण र विकासका लागि रु १३ करोड ३५ लाख बजेट आवश्यक भएकाले पहल गरिदिन आचार्यले संसदीय टोलीसमक्ष माग गर्नुभयो। ।पी औद्योगिक क्षेत्र नजिकै प्रदेश नं २ सरकारले भौतिक संरचना निर्माण गरेपछि डुबान समस्या निम्तिएको छ। प्रदेश सरकारले बहाव थुनिने गरी शहीदस्तम्भ निर्माण गरेको छ।

"बहाव थुनिने गरी संरचना बनाइएकाले पानी औद्योगिक क्षेत्रभित्र पस्ने गरेको छ", आचार्यले भन्नुभयो। गत वर्ष बाढीले औद्योगिक क्षेत्रको पर्खाल भत्काएको थियो। औद्योगिक क्षेत्रभित्र पानी पस्दा लामो समयसम्म उद्योग सञ्चालन हुन सकेको थिएन्। दक्षिणतर्फ निर्माणाधीन संरचनाका कारण औद्योगिक क्षेत्रमा असर पर्ने भएकाले तत्काल रोक्नका लागि सहरी विकास कार्यालय, औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड केन्द्रीय कार्यालय, जिल्ला प्रशासन कार्यालय र रुपनी गाउँपालिकाको ध्यानाकर्षण गरिएको आचार्यले बताउनुभयो। "संरचनाको काम अझै रोकिएको छैन", उहाँले भन्नुभयो।

औद्योगिक क्षेत्रमा ढल निकास उपाय खोज्नुपर्ने रुपनी गाउँपालिकाका अध्यक्ष हरेराम यादवले बताउनुभयो। "ढल निकासको समस्या यथावत् रहे नयाँ उद्योग सञ्चालन हुने स्थिति छैन, सञ्चालित उद्योगसमेत छिट्टै बन्द हुने खतरा छ", उहाँले भन्नुभयो। समस्या निराकरणबारे प्रदेश र सङ्घीय सरकारसमक्ष पटक पटक आग्रह गरिए पनि पहल नभएको यादवको गुनासो छ।


औद्योगिक क्षेत्रमा सुरक्षाको व्यवस्था गर्नुपर्ने रुपनी गाउँपालिका-५ का वडाध्यक्ष जगदीश दासले बताउनुभयो। प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमले औद्योगिक क्षेत्रमा शान्ति सुरक्षाको प्रत्याभूति दिलाउन स्थानीय प्रशासनले कुनै कसर बाँकी नराख्ने बताउनुभयो। कूल २२ बिघामा फैलिएको उक्त औद्योगिक क्षेत्रभित्र बैंक, हुलाक, स्वास्थ्य क्लिनिक, अतिथि गृह, विद्युत्, टेलिफोनलगायत संरचनासहितको उद्योग सञ्चालन गर्न सकिने छ। भारत सरकारको सहयोगमा सो औद्योगिक क्षेत्र स्थापना गरिएको हो। विसं २०५१ मा नौ उद्योग सञ्चालनमा आएपनि पछि विभिन्न कारणले बन्द भएका थिए।

### *देशभित्रै विद्युत् ...*

विषयमा पनि कार्यकारी निर्देशक घिसिङले छलफल गर्नुभएको थियो। यसका लागि अध्ययन गरी प्रस्ताव पेश गर्न उहाँले निर्देशन दिनुभएको बताइएको छ।

नपलपरासीको परासी क्षेत्रमा सञ्चालित उद्योगलाई विद्युत् आपूर्तिका लागि सुनवलमा १३२/३३ केभी सबस्टेसन आगामी चैतभित्रमा निर्माण गरिसक्ने लक्ष्य राखिएको बताइएको छ। "सबस्टेसन सञ्चालनमा आएपछि त्यहाँबाट थप ९० मेगावाट विद्युत् उद्योगलाई दिन सकिन्छ भने आपूर्ति पनि विश्वसनीय हुनेछ", कार्यकारी निर्देशक घिसिङले भन्नुभयो। त्यस क्षेत्रमा सञ्चालित उद्योगले क्षमता थप्न लागेको र नयाँ उद्योग पनि खुल्न लागेकाले विद्युत्को माग उच्च छ।

रुपन्देहीको भैरहवा औद्योगिक करिडोरमा रहेका उद्योगलाई विद्युत् आपूर्तिका लागि बुटवल-लुम्बिनी १३२ केभी प्रसारण लाइन र मैनहिया १३२/३३/११ केभी सबस्टेसन निर्माण अन्तिम चरणमा पुगेको छ। कोभिड-१९ का कारण चिनियाँ प्राविधिक आउन नसक्दा सबस्टेसन परीक्षण गर्न नसकिएमा यो सञ्चालनमा आएपछि थप ९० विद्युत् आपूर्ति दिन सकिने बताइएको छ।




## विश्व समाचार

### पञ्जाबको मुख्यमन्त्रीका रूपमा काँग्रेस नेता चन्नीद्वारा सपथ ग्रहण

चण्डीगढ, ४ असोज (रासस/पीटीआई)।

कांग्रेस नेता चरनजीत सिंह चनीले सोमबार पञ्जाबको मुख्यमन्त्रीको रूपमा शपथ ग्रहण गर्न भएको छ। उहाँ पञ्जाब राज्यमा मुख्यमन्त्रीको पद सम्हाल्ने पहिलो दलित व्यक्ति हुनुभएको छ। पञ्जाब राज्यपाल बनवारीलाल पुरोहितले राज भवनमा आयोजित समारोहबीच चन्नीलाई शपथ ग्रहण गराउनु भएको हो।

चन्नीले पञ्जाबी भाषामा सपथ ग्रहण गर्नु भएको लिए। काङ्ग्रेस नेता अमरिन्दर सिंहले पदबाट राजीनामा दिएपछि कांग्रेसले आइतबार चन्नीलाई पञ्जाबको मुख्यमन्त्रीको रूपमा चयन गरेको थियो।

### अफगानिस्तानका शिक्षिकाहरु आफ्नो भविश्यका बारेमा चिन्तित

काबुल, ४ असोज (रासस/एएनआई)।

अफगानिस्तानका शिक्षिकाहरु आफ्नो भविश्यका बारेमा चिन्तित भएका छन्। शैक्षिक विषयमा अफगानिस्तानको तालिवान सरकारले तय गरेका नीतिहरुका कारण उनीहरु चिन्तित भएका हुन्। शिक्षा मन्त्रालयले छात्र र पुरुष शिक्षकहरुलाई मात्रै विद्यालय आउन सूचना जारी गरेपछि आफुहरु चिन्तित भएको शिक्षिकाहरुले बताएका छन्। मन्त्रालयले आइतबारदेखि लागु हुनेगरी कक्षा ७ देखि १२ सम्मका छात्र र पुरुष शिक्षकहरुलाई मात्रै विद्यालय जान सूचना जारी गरेको छ।

सूचनामा हजारौं छात्राको पढाई तथा भविश्यका बारेमा केही उल्लेख नगरिएको पनि स्थानीय सञ्चार माध्यमहरुले जनाएका छन्। साथै सूचनामा उनीहरुलाई कुनै निर्देशन समेत नभएको भन्दै शिक्षिकाहरु चिन्तित भएको समाचारमा जनाइएको छ। शिक्षिकाहरुले आफुहरु परिवारमा निर्भर हुनु पर्दा पीडा महसुस भइरहेको समेत बताएका छन्। राजधानी काबुलस्थित एक विद्यालयमा पस्तो भाषा विषय अध्यापन गराउने एक शिक्षिकाले आफुलाई विद्यालयले नबोलाएको बताउनुभयो।

विद्यालय फर्किने बारेमा आफुहरुलाई कुनै सूचना छैन, कुनै जानकारी नहुँदा अन्यौल सृजना भएको छ, उहाँले भन्नुभयो। उहाँले विद्यालयमा गएर अध्यापन गराउन नपाउँदा आर्थिक संकटसँगै मनोवैज्ञानिक समस्या उत्पन्न भएको बताउनुभयो। उहाँको जस्तै अरु धेरै शिक्षिकाहरुको समस्या र गुनासो पनि उस्तै रहेको समाचारमा जनाइएको छ। संयुक्त राष्ट्रसंघीय निकाय युनिसेफ र युनेस्कोले पछिल्लो दुई दशकमा अफगानिस्तानको शिक्षा क्षेत्रमा धेरै उपलब्धी भएको जनाएका छन्।

सन् २००१ देखि यता महिला साक्षरता दरमा पनि ठूलो वृद्धि भएको युनेस्कोको प्रतिवेदनमा उल्लेख गरिएको छ। सुरुमा महिला साक्षरता दर १७ प्रतिशत रहेकोमा अहिले ३० प्रतिशत पुगेको युनेस्कोले जनाएको छ। त्यसैगरी विद्यालय जाने छात्राहरुको सङ्ख्यामा पनि उल्लेख्य वृद्धि भएको युनेस्कोका अधिकारीहरुले बताएका छन्। सन् २००१ मा उच्च शिक्षामा सहभागी छात्राहरुको सङ्ख्या पाँच हजार रहेकोमा सन् २०१८ मा ९० हजार पुगेको थियो।

### रूसको एक क्याम्पसमा गोली चल्दा कम्तिमा आठ जनाको मृत्यु

मस्को, ४ असोज (रासस/एएफपी)।

मध्य रुसको एक विश्वविद्यालय परिसरमा सोमबार एक विद्यार्थीले अन्धाधुन्ध गोली चलाउँदा कम्तीमा आठ जनाको मृत्यु भएको रूसी अधिकारीले बताएका छन्। यस वर्ष उक्त शिक्षा केन्द्रमा भएको यो दोस्रो आम गोली काण्ड हो।

प्रमुख अपराधको जाँच गर्ने रुसको छानविन समितिले 'पर्म स्टेट युनिभर्सिटी'मा भएको आक्रमणमा धेरै व्यक्ति घाइते भएको र आक्रमणकारीलाई नियन्त्रणमा लिन खोज्दा उनी पनि घाइते भएका छन्। उक्त घटनामा सुरूमा पाँच जनाको मृत्यु भएको र अन्य छ जना घाइते भएका जानकारी अनुसन्धानकर्ताहरूले गराएका थिए।

सामान्यतया शिक्षण संस्थामा कडा सुरक्षाको कारण र कानुनी तवरमा बन्दुक किन्न कठिनाइको कारण रूसमा तुलनात्मक रूपमा शिक्षालयमा यस्ता आक्रमण कमै हुने गरेका छन्। रूसमा शिकार खेल्न राइफल दर्ता गर्न सम्भव भएपनि अन्य अवस्थामा आधुनिक हतियार राख्न पाइदैन।

सामाजिक सञ्जालमा देखिएका भिडियोहरूमा विद्यार्थीहरूले आक्रमणकारीबाट भाग्न उफ्रनुअघि परिसरका भवनहरूबाट सामानहरू फ्याँक्दै गरेको देखाइएको थियो।

राज्य सञ्चार माध्यमहरूले दिएको रिपोर्टअनुसार सोमबारको आक्रमणको दौडान कालो छद्मभेषी कालो पहिरन र हेलमेट लगाएका व्यक्तिहरू हतियार बोकेर परिसर हुँदै हिंडिरहेको देखाइएको छ।

रूसमा यस्तै एक घातक आक्रमण सन् २०२१ को मे महिनामा भएको थियो र उक्त आक्रमणमा रुसको मध्य सहर काजानस्थित एक विद्यालयमा १९ वर्षीय पूर्व विद्यार्थीले गोली चलाउँदा नौ जनाको मृत्यु भएको थियो। अनुसन्धानकर्ताहरूले उक्त आक्रमणमा सम्लग्न ती व्यक्तिको मानसिक अवस्था विग्रिएको थियो।

# विनियोजन विधेयक पारित

काठमाडौँ, ४ असोज (रासस)। प्रतिनिधिसभाको सोमबारको बैठकले 'विनियोजन विधेयक, २०७८' लाई पारित गरेको छ।

बैठकमा अर्थमन्त्री जनार्दन शर्माले 'विनियोजन विधेयक, २०७८ पारित गरियोस्' भनी गर्नुभएको प्रस्तावलाई बहुमतले पारित गरेको हो। प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) को अवरोधकै बीच विधेयक पारित गरिएको छ। सभामुख अग्निप्रसाद सापकोटाले बैठक सुरु गर्नेबित्तिकै एमालेका सांसदले नाराबाजी गर्दै रोस्ट्रम घेराउ गर्नुभएको थियो।

विनियोजन विधेयकमाथिको छलफलमा उठेका प्रश्नको जवाफ दिँदै अर्थमन्त्री शर्माले पूर्ववर्ती सरकारले ल्याएको बजेटमा तीन प्रतिशत बजेट मात्रै हेरफेर गरिएको तथा राष्ट्रहित र जनआकाङ्क्षालाई प्राथमिकतामा राखेर बजेट व्यवस्था गरिएको बताउनुभयो।

प्रतिनिधिसभाबाट पारित विनियोजन विधेयक राष्ट्रियसभामा जानेछ। राष्ट्रियसभाले पारित गरेपछि विधेयक कार्यान्वयनमा आउनेछ। गत भदौ २५ गते प्रतिनिधिसभामा अर्थमन्त्री शर्माले पूर्ववर्ती सरकारले ल्याएको बजेटको प्रतिस्थापन विधेयक प्रस्तुत गर्नुभएको थियो।

## राजविराज "ग्रिन र ...

लाखको लागतमा सुविधा सम्पन्न छिन्नमस्ता सभाहल निर्माण गरिएको जानकारी दिँदै यस भवनले स्थानिय व्यापारी व्यवसायीलाई मात्र होइन जिल्लावासीलाई पनि फलदायी हुने उल्लेख गरे।

कार्यक्रममा सभाहल निर्माणका लागि सहयोग गर्ने दुई दर्जन भन्दा बढी व्यक्तित्वलाई अध्यक्ष प्रधान र मन्त्री साहले संयुक्त रुपमा कदरपत्रबाट सम्मान गरेका थिए।

कार्यक्रममा अतिथिहरुलाई उपाध्यक्ष शंकर दासले स्वागत तथा नागरिक संजालका अध्यक्ष थानसिंह भन्साली, राजविराज नगरपालिकाका प्रमुख शम्भुप्रसाद यादव, डाक्नेश्वरी नगरपालिकाका प्रमुख शिवनारायण साह, प्रदेश २ मिडिया काउन्सीलका अध्यक्ष शिवहरी भट्टराई, प्रमुख जिल्ला अधिकारी जनार्दन गौतम, उद्योग बाणिज्य संघका पूर्व अध्यक्ष मनोज मुन्धडा लगायतले पनि शुभकामना दिँदै नयाँ संरचनाले जिल्लावासीलाई सहजता प्रदान गर्ने विश्वास व्यक्त गरे।

## बाल शिक्षक र ...




भएपनि राजविराज नगरपालिकाले दिन नमानेको सुनाईन्।

उनले यसबारे सर्वोच्च अदालतमा मुद्दा हाल्दा आफूहरुको पक्षमा फैसला भएपनि कार्यान्वयनमा राजविराज नगरपालिकाले चासो नदेखाएको गुनासो पोख्दै न्यायोचित माग पूरा गराउन आन्दोलनको बाटो रोजेको बताइन्।

## सूचना ! ॐ सूचना !!!

राजविराज नगरपालिका वडा नं. १ हाल ७ स्थित ऐतिहासिक, प्राचिन तथा धार्मिक महत्वको रूपमा रहेको हरिनन्देश्वर महादेव मन्दिरको सनातन धार्मिक सद्वावर्त कायम राख्दै दैनिक पूजा अर्चना एवम् संरक्षण सम्बर्द्धन तथा मन्दिरको ब्यवस्थापन लगायतको कार्यवारे पुनः वृहत छलफलको लागि सम्पूर्ण हिन्दू धर्मावलम्वी, समाजसेवी, बुद्धिजिवी, नागरिक समाज एवम् नगरवासीमा उपस्थितिका लागि विनम्र सादर अनुरोध गर्दछु।

**स्थान :** राजविराज न.पा. वडा नं. ७ को कार्यालय
**समय :** विहान ८:३० बजे
**मिति :** २०७८/०६/०९ गते शनिबार

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
prabhu Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** rajbirajdainik@gmail.com, **वेवसाइट :** rajbirajdainik.com.np